सहमति

(समुदाय र मानवता विकासका लागि प्रतिबद्ध संस्था)

ग्रामीण युवा विकास कार्यक्रम

AWO International

# युवा आवाज

वर्ष २, अङ्क १, पूर्णाङ्क २ (Year 2, Vol. 1, Issue 2) साउन-पौष, २०६८ / 2011 YOUTH VOICE

## संस्थागत भनाइ

युवा जनशक्ति विकासको मेरुदण्ड हुन् । स्थनीयस्तरमा वा स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना हुन नसक्नु, आधारभूत जन जीविकाका लागि उपयुक्त वातावरण नहुनु, २१ औं शताब्दीमा आइपुग्दा समेत विकासको दृष्टिकोणले नेपाली समाज विशेष गरी ग्रामीण परिवेश अन्य विकसित मुलुकहरुको तुलनामा सदियौं वर्ष पहिलेको अवस्थामा गुज्रिनु परेको वाध्यात्मक परिस्थितिका बाबजुद आज युवा जनशक्तिहरु अवसरको खोजिमा निराशावादी र पलायनवादी सोचबाट आक्रान्त हुन पुगेका छन् ।

यस परिवेशमा सहमति/ग्रामीण युवा विकास कार्यक्रममार्फत आबु इन्टरनेशनल जर्मनीको सहयोगमा २००८ देखि नवलपरासी जिल्लाको ग्रामीण पहाडी भेगका ४ गाविसहरुमा काम गर्दै आइरहेको छ । युवा जनशक्तिलाई विकासको मुल प्रवाहिकरणमा ल्याई स्थानीय स्तरमा नै विभिन्न अवसरहरुको सिर्जना गरी आधारभूत आवश्यकताहरु र अधिकारहरुलाई स्थापित गर्न यो कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । यस सन्दर्भमा 'युवा आवाज'को यो दोस्रो कोशेली हामी यहाँहरुसमक्ष पस्किन सफल भएका छौं । 'युवा आवाज' त्यो आवाज हो, जसले युवाहरुको संघर्षका गाथाहरु, सफलताका कथाहरु र सुन्दर सपनाका मालाहरु प्रस्फुटन गराउने गर्दछ । हामी सक्छौं त्यसका लागि हामीलाई वातावरण र अवसरको खाँचो पर्दछ भन्ने सन्देश यसले दिने प्रयास गरेको हुन्छ । यस अंकमा रहेका १९ वटा रचनाहरुले ग्रामीण भेगमा रहेको १९ औं हजार युवाहरुलाई उत्प्रेरणा मिलोस् र स्वदेशमा नै हाम्रो वौद्धिक र शारीरिक श्रमलाई लगानी गरी सुन्दर मातृभूमि निर्माण गर्ने कार्यमा हामी समर्पित होऔं यही समतिको संस्थागत अपिल रहेको छ ।

करुणा सागर सुवेदी
अध्यक्ष एवं
सहमति परिवार



यस भित्र .........
❑ लेख/बिचार
❑ व्यक्तिगत अनुभूतिहरु

सहमति र AWO International Germany को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम सन २००८ को जनवरीदेखि नवलपरासी जिल्लाका ४ वटा पहाडी गाविसहरु क्रमशः डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट गाविसको वार्ड नं. ३ मा संचालन भइरहेको छ । ग्रामीण युवाहरुको जीविकोपार्जनमा सुधार ल्याउने प्रमुख लक्ष्य बोकेको यस कार्यक्रमले उक्त लक्ष्य प्राप्त गर्नका लागि निम्न अनुसारको उद्देश्य लिएको छ ।

- स्थानीयस्तरका सामाजिक तथा लघुवित्तीय संस्थाहरुमा युवाहरुको सहभागिता वृद्धि गराई निर्णायक तहमा पहुँच गराउने ।
- स्थानीयस्तरमा स्वरोजगारका अवसरहरु सृजना गर्दै युवाहरुको आयस्तर बढाउने र,
- युवाहरुको वाध्यात्मक, असुचित तथा मौसमी बसाइँसराइलाई कम गर्ने ।

यी उद्देश्यहरु प्राप्त गर्न कार्यक्रमले स्थानीय सामुदायिक तथा लघुवित्तीय संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि विभिन्न किसिमका तालिम तथा क्षमता अभिवृद्धि सहयोगहरु प्रदान गरिरहेको छ भने स्थानीयस्तरमा स्वरोजगारका अवसरहरु सृजना गर्नका लागि तरकारी खेती, फलफूल खेती, अदुवाबाली तथा पशुपालनमा विभिन्न किसिमका तालिम तथा सहयोगहरु प्रदान गरिरहेको छ । यसका साथै युवाहरुले भोगिरहेको वाध्यात्मक, असूचित तथा मौसमी बसाइँसराईलाई कम गर्नका लागि प्रत्येक गाविसमा युवा सूचना केन्द्र मार्फत् विभिन्न किसिमका सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण समेत गर्ने गरिन्छ भने युवा सूचना केन्द्रमा भएका पत्रपत्रिका तथा विभिन्न किसिमका पुस्तकहरुको माध्यमबाट समेत सुरक्षित बसाइँसराइको बारेमा जानकारी लिइरहेका छन् । यसले गर्दा युवा सूचना केन्द्रमार्फत् युवाहरुले सूचना लिने क्रम पनि बढिरहेको पाइन्छ ।

यस्तै युवाहरुका लागि स्थानीयस्तरमा स्वरोजगारका अवसर सृजना गर्न विभिन्न किसिमका कृषि तथा गैरकृषि सीपमूलक तालिमहरु संचालन भइरहेका छन् जुन तालिमहरु पश्चात् युवाहरु प्रत्यक्ष रुपमा आफ्नै सीपमा बाँच्न अनि रमाउन सक्छन् । हाम्रो परम्परागत सोच भनौं या देखासिखी युवाहरु आफ्नै गाउँ ठाउँमा केही गर्नुभन्दा बाहिरतिर नै आकर्षित भएको परिप्रेक्ष्यमा अहिले भने युवाहरुले कृषि तथा गैरकृषि सीपमूलक तालिमहरुमा सक्रिय रुपमा चासो तथा सहभागिता बढाएको पाइन्छ । फलस्वरुप युवाहरुले यस्ता सीपहरु हाँसिल गरिसकेपछि प्रत्यक्ष रुपमा व्यवसायमा समेत संलग्न भई युवाहरुको जीविकोपार्जनमा सुधार आएको छ। जुन उदाहरणीय रुपमा देख्न सकिन्छ । हाल कार्यक्रमले युवाहरुलाई नै केन्द्रित गरेर उनीहरुकै प्रत्यक्ष सहभागितामा विभिन्न किसिमका सीपमूलक तालित तथा व्यवसायहरु प्रवर्द्धनमा ध्यान केन्द्रित गरेको छ । यसर्थ यदि यस्तै रुपमा युवाहरुको आफ्नै गाउँठाउँमा केही गरौं भन्ने सोच र इच्छा बढ्दै जाने हो भने पक्कै पनि सामान्य कमाईका लागि विदेशिनु पर्ने छैन ।

यसकारण हामी पनि आफ्नै मेहनत, परिश्रम र आम्दानीमा खुशी हुन अनि रमाउन सिक्यौं भने भावी पुस्ताहरुले पनि हाम्रै बाटो अनुसरण गर्नेछन् । यसर्थ **'युवा आवाज'** पत्रिका यस्तो प्रकाशन हो जसमा प्रकाशित लेख, रचना र अनुभूतिहरु आफ्नै मेहनतमा रमाएका युवाहरुका हातबाट कोरिएका हुन् जसले कार्यक्षेत्रका अन्य युवाहरुलाई मात्र नभएर समग्र युवाहरुलाई एउटा उदाहरणीय सिकाइ बन्नेछ भन्ने सोच लिइएको छ ।

सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International

# सहकारीको प्रभाव

❑ दिलमाया केङरेङ
व्यवस्थापक
महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि., रतनपुर-१, दमार

म नवलपरासी जिल्ला रतनपुर गा.वि.स. वडा नं. १ दमारमा बसोबास गर्दै आएकी छु । म आफैले मेरो व्यक्तिगत परिवर्तनका कुरा गर्नुपर्दा म पहिला पढाइमा सामान्य ज्ञान भए पनि समाजको विकासहरूदेखि लिएर अन्य विकासको कुरामा मलाई न चासो थियो नत ज्ञान नै थियो । आफ्नै घरमा, वन पाखा र उकाली-ओराली घाँस दाउरामा मेरो दिनचर्याहरू बितेका थिए तर पछि जब मैले लेखा तालिमको लागि सूचना पाए त्यसपछि २०६३ सालमा लेखा तालिम लिनको लागि सानी छोरी ३ महिनाको हुँदा ७ सात दिन लेखा तालिम लिन गए । त्यस तालिमबाट मात्रै मैले लेखा भनेको के हो ? सहकारी भनेको के हो ? यति मात्रै बुझ्न सफल भएँ बुझ्नु पर्ने कुराहरू धेरै रहेछ तर के गर्नु बच्चासँग सिक्न चाहेको कुराहरू पनि सिक्न नपाइँदो रहेछ । त्यसपछि फेरी लेखा तालिमको लागि सहमति संस्थाबाट सूचना आयो र फेरि तालिम लिए । यसरी ३/४ पटकको तालिम पश्चात मैले चार खाताहरू व्यवस्थित राख्न सक्ने भएकी छु ।

मलाई खुसीको कुरा के लाग्छ भने यदि म सानी छोरी छ भनेर तालिम नलिएको भए वा सानो बच्चा हुदाँ संघर्ष नगरेकी भए सायद कुवामा बसेको भ्यागुतो सरी मेरो जीवन अन्धकारमै बित्ने थियो होला । यसमा मेरो घर परिवार र श्रीमान्को ठूलो सहयोग र योगदान रहेको छ । यसरी तालिमको सिकाइ प्रक्रिया सँगसँगै मैले गाउँघरमा आएर समूहमा नबसेका सदस्य दिदीबहिनीहरूलाई समूहमा आवद्ध गराएर तालिममा सिकेका कुराहरू छलफल गर्ने र गराउने गरी समूहमा छरिएर रहेका दिदीबहिनीहरूलाई सहकारी संस्थामा आवद्ध हुनुपर्छ भन्ने सुझाव दिई २०६४।११।२६ गते महिला मिलन बचत तथा ऋण सहकारी संस्थाको नाममा गाउँमा सहकारी दर्ता गरियो । समूहमा हुँदा हाम्रा सदस्य साथीहरू मासिक ५।- रूपैयाँ उठाउनु हुन्थ्यो । समूहमा मात्रै त्यही बचत उठाउने बाहेक अन्य नयाँ कुराहरू केही पनि हुँदैनथ्यो । हामी आफूसँग भएका पैसाहरू अलि धेरै बचत गर्नुपर्छ भन्ने धारणा शुन्य थियो । तर अहिले हाम्रो संस्थाको सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, ऋण उपसमिति, शिक्षा उपसमितिको सम्पूर्ण साथीहरूले पनि सहमति ग्रामीण युवा विकास कार्यक्रमबाट विभिन्न किसिमका तालिम, सहकारी सम्बन्धी भ्रमण, गोष्ठीहरू उपलब्ध गराई सक्रिय रूपमा भाग लिई अहिले पहिलाभन्दा धेरै बुझ्ने हुनु भएको छ । ५ रूपैयाँ बचत गरेर केही नहुने रहेछ भन्ने आवाज सुन्न पाउँदा धेरै गर्व लाग्छ । यति मात्रै नभएर सहकारीमा आवद्ध भएपछि सस्तो र सुलभ तरिकाले ऋण लिन पाउने भएपछि सबैले पहिला गरेको दु:खलाई विस्तारै छोडिसकेका छन् र केही नयाँ कामहरू प्रति अगाडि बढिरहेका छन् । जस्तै सहकारीबाटै ऋण लगेर कोहीले बंगुरपालन, कोहीले तरकारी खेती, बाख्रापालन जस्ता आय आर्जनका कामहरू गर्नु भएको छ र संस्थामा आवद्धपछि हाम्रो समितिका सदस्यहरूले सामाजिक विकासहरूदेखि लिएर संस्थागत विकासका कुराहरू पनि बैठकमा छलफल गर्ने गरिन्छ । यसैगरी हामीले आयमूलक व्यवसायको लागि सदस्यलाई २५ हजार रूपैयाँसम्म ऋण लगानी गरेको छ । हाल संस्थाको आफ्नै भवन रहेको छ यस भवन निर्माणको लागि ग्रामीण युवा विकास कार्यक्रम सहमतिबाट, रतनपुर गा.वि.स.बाट, महिला तथा वालवालिका कार्यालयबाट र सहकारीको आन्तरिक स्रोत पश्चात व्यवस्थित रूपमा दैनिक कार्य गर्न सजिलो भएको छ र जसबाट विभिन्न तालिमहरू गोष्ठी गर्न पनि सजिलो भएको छ ।



यसै गरी हाम्रो संस्थामा शेयर सदस्य ४९० पुगेको छ र शेयर पूजी १,७१,९००।- पुगेको छ । हामीले तीन प्रकारको बचतहरू गरेका छौं । खुत्रुके बचत, ऐच्छिक बचत र नियमित बचत यसरी नै खुत्रुके बचत गरे पश्चात बालबालिकाहरूमा निकै राम्रो प्रगति देखिएको छ । यिनीहरूले प्रतिस्पर्धाको रूपमा बचत गर्न थालेका छन् । १ जना खुत्रुके बचत सदस्यबाट मासिक एक हजारदेखि माथि बचत संकलन भएको छ ।

म एउटा सहकारीमा काम गरेको हैसियतले मेरो सम्पूर्ण साथीहरूलाई के कुराको अवगत गराउन चाहन्छु भने हामी हाम्रो पाखुरीले कमाएको रकम बचत गर्ने बानी बसालौ, थोरै नै किन नहोस् बानी मात्रै बसालौ, भनिन्छ एकले थुकी सुकी सयले थुकी नदी भनेझैँ थोरै पैसा बचाएर पनि पछि धेरै हुन्छ । त्यस कारण "हामी सबैले बचत गरौ, उद्यमी बनौं र बुढेसकालको सहारा सफल पारौं" ।


अन्त्यमा म के भन्न चाहन्छु भन्दा यदि कुनै पनि काम त्यसै प्रति चासो लिएर गर्छ भने सपनामा पनि त्यही सहकारीको चार खाताहरू झल्किदो रहेछ । त्यसै गरी यही संस्थाको उन्नति र प्रगतिको निम्ति मैले आफ्नो सारा दु:खहरू पन्छ्याएर न्यूनतम तलबमा पैसा ठूलो कुरा होइन रहेछ इज्जत, प्रतिष्ठा नै ठूलो कुरा रहेछ भन्ने संकल्प लिएर अझै आफ्नो संस्थाको प्रगतिको कामना गर्दै खुसीकासाथ काम गरिरहेकी छु ।

# युवा सूचना केन्द्र स्थापनापछि देखिएको परिवर्तन

❐ वेदप्रसाद सुनारी
सूचना केन्द्र परिचालक

लुम्बिनी अञ्चल, नवलपरासी जिल्ला कोटथर गा.वि.स.एउटा पहाडी गा.वि.स.मध्येको एक हो । यस गा.वि.स.मा मगर समुदायको बाहुल्यता रहेको छ । ग्रामीण युवा विकास कार्यक्रम, सहमतिको सहयोग र देवचुली बचत तथा ऋण सहकारी संस्थाबाट सञ्चालित युवा सूचना केन्द्रले कोटथरबासीका युवाहरूको चालचलन र संस्कृतिलाई बुझिसकेपछि सहमतिले युवाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक क्षमता अभिवृद्धिका विभिन्न किसिमको तालिम, भ्रमण, गोष्ठी र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । जसले गर्दा केही हदसम्म युवाहरूको क्षमता अभिवृद्धि भएको र समाजको भलाइका लागि काम गर्नु पर्छ भन्ने भावनाको विकास भएको छ । यस सहमति संस्थाबाट २०६४ सालमा कोटथरलाई कार्य क्षेत्र बनाई २०६७ मा युवाहरूलाई सूचना प्रवाह गर्ने उद्देश्यले युवा सूचना केन्द्रको स्थापना भयो ।

त्यसपछि युवाहरूको माझमा सक्षम, सचेत र समतामूलक समाज निर्माण गरी अशिक्षितलाई शिक्षित गर्दै सूचना केन्द्रद्वारा ज्ञान दिने प्रयास भएको छ । सहमति संस्थाले युवाहरूको लागि गरेको कार्यलाई एउटा महान कार्यको रूपमा लिन सकिन्छ । अझ सुरक्षित बसाई सम्बन्धी तालिमले युवाहरूको लागि सुरक्षित आगमन तथा वहिर्गमनलाई अझै सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । भोलिका दिनहरूमा अझ युवाहरूको लागि हित र भलाई सम्बन्धी काम गर्दै जाने र समुदायका मानिसहरूसँग घुलमिल भएर समाजका परम्परावादी धारणा अन्त्य गरी नयाँ आयाम ल्याउने लक्ष्य राखेको छु । आजका युवाहरू धेरैजसो वैदेशिक रोजगारमा बढी चासो राख्ने भएको हुँदा वैदेशिक



रोजगारमा जाँदा अपनाउनु पर्ने प्रक्रिया र सावधानीहरूसँग सम्बन्धित पुस्तक तथा कार्डहरूको समेत सूचना केन्द्रमा राख्ने प्रयास गरिने छ । संस्थागत विकास गर्ने क्रममा आफू दक्ष हुँदै र संस्थाप्रति प्रतिवद्धता हुनु पर्छ, संस्थाप्रति लगाव, माया हुनु पर्दछ र हामी संस्थामा लागेपछि जहिले पनि सकारात्मक सोच राख्दै अघि बढ्नु पर्छ । समुदायका मानिसहरू जुन शंका गर्ने प्रवृति छ त्यसलाई हामीले सजिलै चिर्न सक्नु पर्छ । समाज परिवर्तनका लागि मञ्चन गरिएका सडक नाटक र गीति कार्यक्रमहरूमा आफ्ना छोराछोरीलाई पनि अभिभावकहरूले अवसर दिनुपर्छ । समुदायका व्यक्तिहरूले पनि यस कार्यलाई सकारात्मक रूपमा लिई तन, मन र धनले सहयोग गर्नु पर्छ । गाउँघरमा सामाजिक काम गर्ने व्यक्तिलाई शंकाले हेरिन्छ र कुरा काटिन्छ । यो राम्रो पक्ष होइन ।

अन्तमा, म युवा साथीहरूलाई के आग्रह गर्न चाहन्छु भने हामी सधैं सिर्जनशील र मिलनसार भएर कुनै काममा दत्तचित्त भएर लागौं । तब मात्र हाम्रो गाउँले मात्र नभएर हाम्रो मुलुकले नै मीठो फल चाख्न पाउनेछ । आज हामी देश विकासका अग्रगामी व्यक्तिहरू नै बाटो बिराएर हिँड्न लाग्यौं भने हाम्रो गाउँ र मुलुकले नै बाटो बिराउँछ । हाम्रा सहिदहरूको रगतले हामीलाई सराप्ने छ । त्यसकारण हामी समय मै सचेत होऔं र देश र समाजको सामाजिक कार्यमा लागौं । मलाई संस्थामा रहेर काम गर्दै जाँदा आफूलाई आनन्द आउने तर युवा सूचना केन्द्रलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुराले सताइरहेको हुन्छ ।

# युवा सूचना केन्द्रले ममा ल्याएको परिवर्तन

❐ राजकुमार राना
डाँडाझेरी, टाँडी

मेरो नाम राजकुमार राना मगर हो । मेरो घर नवलपरासी जिल्लाको विकट गा.वि.स. डाँडाझेरी वडा नं. ९ टाँडी भन्ने गाउँमा पर्छ । म अहिले श्री देव वडा चुली माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययन गर्दैछु । मेरो घरमा भाइ, बाबा, आमा, काका, काकी र म गरी ६ जनाको परिवार छौं ।

हालसालै यस सहमति ग्रामीण युवा विकास कार्यक्रमद्वारा युवा सूचना केन्द्र खोलेपछि म खाली वा फुर्सदको समयमा युवा सूचना केन्द्रको नियमित पत्रिकाहरू विभिन्न कथा, उपन्यास, उखान, अंग्रेजी भाषका विभिन्न किताबहरू पढ्ने गर्छु । युवा सूचना केन्द्र खोल्नुभन्दा पहिला म खेलेर हिँड्ने, साथीभाइहरूसँग घुमेर समय बिताउने गर्थे अब अहिले म खेलेर बिताउने समय वा फुर्सदको समय निकालेर विभिन्न किताबहरू, पत्रिकाहरू हेर्ने गर्छु । अहिले म पहिला जस्तै समयको महत्वलाई नबुझेर होहल्ला गरेर, खेलेर, घुमेर हिँड्ने मेरो साथीहरूलाई युवा सूचना केन्द्रमा गएर विभिन्न कथा, कविता, उपन्यास, पत्रिकाहरू विभिन्न हामीहरूलाई



चाहिने महत्वपूर्ण किताबहरू उपलब्ध छन । त्यहाँ गएर पढ्ने बानीको विकास गर्नु पर्छ भनी जानकारी गराउँछु । अझ यस युवा सूचना केन्द्रमा वैदेशिक रोजगारमा जानुभन्दा अघि ध्यान दिनु पर्ने जानाकारीहरु उपलब्ध गराइन्छ ।


मलाई लाग्छ यस युवा सूचना केन्द्र भनेको युवाहरूको भावना बुझ्ने केन्द्र हो । यसको मुख्य उद्देश्य भनेको गाउँमा रहेका युवाहरुको फुर्सदको समयलाई अध्ययनशील गराई सचेत र सकारात्मक दिशातिर लानु हो तथा विदेश गएका वा जान इच्छुक युवाहरुको तथ्याङ्क संकलन गरी उनीहरुलाई विदेश जानु अघि के-के कुरा मा ध्यान दिनु जरुरी छ भनेर सुरक्षित बसाइँसराई सम्बन्धी सूचना वा जानकारी दिनु हो । यस युवा सूचना केन्द्रले हामी युवाहरूलाई विभिन्न किसिमको किताबहरू लगायत नयाँ सूचनाहरू उपलब्ध वा जानकारी गराएकोमा सहमति ग्रामीण युवा विकास कार्यक्रमद्वारा सञ्चालित युवा सूचना केन्द्रप्रति आभार प्रकट गर्दछु र यस युवा सूचना केन्द्रको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# करौंदीप गाउँ तरकारी खेतीमा नमूना

❑ रामचन्द्र पुलामी
गैंडाकोट-३, करौंदीप

नवलपरासी जिल्लाको महेन्द्र राजमार्गको काली गण्डकी चोकबाट १३ कि.मि. उत्तरमा करौंदीप गाउँ अवस्थित छ । यो गाउँलाई चारैतिरबाट डाँडाहरूले घेरेको छ । उत्तरतिर काली गण्डकी नदी र दक्षिणतिर जयश्री खोलाको बीचमा अवस्थित टापुमा रहेको यो गाउँमा पानीको मुख्य समस्या रहेको छ । यहाँको खेतीपाती परम्परागत प्रणालीमा भएकाले कृषकहरूलाई ६ महिना पनि खान नपुग्ने अवस्था रहेको थियो । यहाँको प्रमुख पेशा भनेको घरायसी रक्सी उत्पादन नै थियो । यस पेशाको मद्दतबाट समुदायका व्यक्तिहरूको जीविकोपार्जन व्यतित गरिरहेका थियौं । यस समुदायलाई फरक ढंगले लैजान चाहदा चाहँदै पनि विभिन्न समस्याहरूले गर्दा अगाडि बढाउन सकिरहेका थिएनौं ।

जब सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम यस क्षेत्रमा सञ्चालन भयो तब यस समुदायका सदस्यहरू भेला भई छलफल गर्दा तरकारी खेती गर्ने इच्छा भएपछि शुरुमा ७ जना कृषकहरू मात्र अग्रसर भयौं । हामीलाई शंका पनि लागेको थियो किनकि वर्षामा टमाटर लगाउँदा फल्ने हो कि होइन भनेर । त्यही पनि अरू सदस्यहरू अगाडि नबढे पनि हामीले टमाटर फलाएर देखाउनु पर्छ भनेर आँट गऱ्यौं । त्यसपछि प्राविधिकको सरसल्लाहमा खेती गर्दै गयौं । नभन्दै कात्तिकमा टमाटर फलेर नै छाड्यो । त्यसपछि हामीलाई विश्वास भयो उन्नत प्रविधिबाट खेती गर्ने हो भने प्रशस्त उत्पादन गर्न सकिने रहेछ । हामीले उत्पादन भएको टमाटरलाई प्रति के.जी. ४० देखि ४५।– रूपैयाँसम्म बिक्री गरेर त्यस वर्ष प्रत्येक सदस्यले ५,०००।– हजार बराबर आम्दानी गऱ्यौं । त्यसरी आम्दानी हुँदा हामी हिउँदे तरकारी खेती गर्न तम्सियौं । हामीहरू हिउँदे तरकारी खेतीतर्फ अगाडि बढ्दा गाउँमा भएका अरू सदस्यहरू पनि तरकारी खेती गर्छौं भनी आकर्षित भएर १५/१६ जना मिलेर जग्गा भाडामा लिएर तरकारी खेती गर्न शुरु गऱ्यौं । सो हिउँदे तरकारी खेतीबाट न्यूनतम ५०००।– देखि २५,०००।– सम्म प्रति व्यक्ति आम्दानी लिन सफल भयौं । हामीले तरकारी खेती गर्न शुरु गरेपछि यहाँ पानीको समस्याले सबैलाई हाहाकार बनायो । त्यस समयमा ग्रामीण युवा विकास कार्यक्रमले सो समस्या समाधानका लागि प्लाष्टिक पोखरी निर्माणमा सहयोग गरेर सबैलाई पानीको सुविधामा सहजता थपिदिएपछि हामी सबै व्यवसायिक रूपमा तरकारी खेती गर्ने सोच बनाई अगाडी बढिरहेका छौं ।



यस समूहका प्रत्येक सदस्यहरूले नियमित रूपमा बचत गर्दै पनि आइरहेका छौं । तरकारी व्यवसाय शुरु गर्नुभन्दा अगाडि हामीलाई पैसाको खाँचो पर्दा धनी साहुको घर आँगनमा पुग्नु पर्ने र चर्को ब्याजदरमा ऋण लिनु पर्ने समस्या रहेको थियो भने अहिले हाम्रो नियमित बचत ढोडेनीमा रहेको मेलमिलाप बचत तथा ऋण सहकारी संस्था लि. मा जम्मा गर्न शुरु गरेपछि आवश्यक परेको बेलामा संस्थाबाट ऋण ल्याएर समस्याहरू टार्न सजिलो भएको छ । तरकारी खेतीले मानिसलाई लगनशील र मेहनती बनाएको छ । जसले गर्दा रक्सी उत्पादनमा कमी हुँदै गएको छ । म यस समूहको अध्यक्ष पनि भएकाले सबै सदस्यहरूलाई अगाडि बढाउन प्रेरित पनि गरिरहेको छु । यस तरकारी खेतीलाई निरन्तरता दिँदै जाने र यस गाउँलाई तरकारीको नमूना क्षेत्र बनाउने सोच लिएर हामीले सक्रिय सहभागी कृषक समूह गठन गरी जि.कृ.वि.का.न.प.मा गएर दर्ता पनि गरेका छौं ।

अन्तमा यस गाउँलाई आत्मनिर्भर बनाउन सहयोग गर्ने सहमति संस्थालाई धन्यवाद दिन चाहन्छु साथै आगामी दिनहरूमा पनि सल्लाह, सुझाव दिँदै सहयोग गर्नु हुनेछ भन्ने अपेक्षा राख्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

# व्यवसायिक बन्दै आत्मनिर्भर बन्ने चाहना

❑ लाल सिङ आले मगर
डाँडाझेरी, छरछरे

मेरो नाम लाल सिङ आले मगर हो । मेरो जन्म मिति २०४८।१२।१० गते छरछरे गाउँमा भएको हो । मेरो बुबाको नाम खेमन सिङ आले मगर हो र उहाँ किसान काम गर्नु हुन्छ । मेरो अध्ययनको कुरा गर्नु पर्दा मैले ९ पास गरें तर घरको आर्थिक अवस्था र गाउँघरमा भारत (बम्बै, दिल्ली) जाने लहरले गर्दा मैले पनि आफ्नो पढाइलाई निरन्तरता दिन सकिन । फलस्वरूप केही धन आर्जन गर्न सकिन्छ कि भनेर बम्बै तिर हिँडियो । "चोक्टा खान आकी बुढी झोलमा डुबेर मरी" भने झैं बम्बै पुगेर के-के नै कमाउन पाइन्छ कि भन ठानेको त केही न केही भयो । जसो तसो १ वर्ष काम गरिसकेको थिएँ तर आफू बिरामी भएपछि त्यस ठाउँमा एक पल पनि बस्न मन लागेन । त्यसकारण १ वर्ष पश्चात म पुनः नेपाल फर्की बम्बैमा जति गरेको दुःख नेपालमा गरेको भए म आफ्नै घर-परिवारसँगै रमाउन पाउँथे भन्दै मनमा कुरा खेलाउँदै नेपाल फर्के । गाउँ फर्केको महिना दिन नपुग्दै ग्रामीण युवा विकास कार्यक्रम, सहमतिको सहयोगबाट ३५ दिने कृषि तथा फलफूल तालिम सिक्ने मौका पाएँ । फलस्वरूप आफ्नो गाउँमा भएको सुन्तला बिरुवाहरूलाई अझ व्यवस्थित र व्यवसायिक बनाउने छु र विभिन्न जातका तरकारी बालीहरू मौसमी र बेमौसमी रूपमा फलाई व्यवसायिक बन्ने छु । अन्त्यमा सहमतिद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमलाई तालिम दिएको र आत्म निर्भर हुन आँट बढाइ दिएकोमा धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

# अशिक्षाबाट शिक्षाको ज्योतितर्फ अग्रसर मेरा पाइलाहरू

❑ मनिषा थापा मगर
गैडाकोट, केलादी



२०५० सालमा गैंडाकोट गा.वि.स. वडा नं. ३ केलादीमा जन्मेकी म मनिषा थापा अनपढ परिवार र गरिव परिवारमा जन्मेकी हुनाले वाल्यकाल दुःखमा बितेको थियो । भन्ने सुनिन्छ, जहाँ इच्छा त्यहाँ उपाय, खै त्यो मेरो इच्छालाई कसले उपाय बनायो, त्यो उपाय भयो केवल घाँस दाउरा, गाइवस्तु गोठालो, अनि मेरो मन रुन्थ्यो म आफुले आफैलाई धिक्कार्थे । दिनरात मनमा उपायको खोजीमा दौडिरहन्थें त्यसबेला यस्ता उपाय निस्किन्छन्, जुन अर्काको गुलामी गर्नुपर्ने, मेरो इच्छा, चाहना केवल मनमै सिमित रहेका थिए । यस्तै यस्तै खोजिको दौरानमा दौडदै गर्दा म कक्षा ३ मा पढ्दै थिएँ । मेरो घरबाट छोरीले पढ्नु हुँदैन भनेर दिनरात घरायसी काम, दिन दिनै किच किच सहनु पर्थ्यो । घाँस दाउरा र गाइ बाख्रा चराएर हिड्नु पर्थ्यो । मेरो पढाई ३ कक्षामा नै सिमित रह्यो । कहाँ जाउँ कसलाई कराउँ कसैलाई पनि भन्ने आँट थिएन । मेरो परिवारमा अनि गाउँमा कोही पनि शिक्षित छैनन्, पढाउनु पर्छ भन्ने धारणा नै छैन । त्यसकारणले पनि मैले पढाइ छाड्न बाध्य भएँ । त्यसै गरी मेरो उमेर पनि धेरै भएको थियो । मलाई लाग्यो मेरो पढ्ने इच्छा यत्तिकैमा मर्ने भयो । म अन्धकारको घेरा र समस्याको घेरामा परेको थिएँ तर म मात्र होइन मेरा गाउँका सबै यस्तै समस्यामा परेको देखेर मेरो मन केही मात्रामा बुझ्थ्यो ।

यसरी घरायसी काम गर्दैजाँदा मेरो सानीआमा पोखरा बस्नुहुन्थ्यो । मलाई पोखरा आउन आवहान गर्नुभयो । म धेरै खुसी भएँ, खुसी यो मा भएकी अब म त्यहाँ गएर पढ्न पाउँछु । मनमा अनेक सपना बोकेर म पोखरा गएँ । म सानीआमाको घरमा जुन सपना लिएको थिएँ, त्यहाँ ठीक विपरित हुन पुग्यो । म त केबल सानीआमाको सानो बच्चा हेर्नको लागि मात्र बोलाइएको रहेछु । आफ्नो भाग्यलाई दोष दिँदै २ वर्ष म त्यहाँ बसे । त्यँहा बस्दा म जस्ता केटीहरु पढ्न गएको देख्दा मेरो आँखा भरि आँशु भरिन्थ्यो । म एकान्तमा गएर रुन्थे र मन बुझाउथेँ । यस्तै यस्तैमा २ वर्ष वित्यो । एकदिन मैले मेरा गाउँमा दिदी बहिनीले कसैको सहयोगमा किशोरी कक्षा पढ्दैछन् रे भन्ने सुनि आफ्नो गाउँमा फर्कें । म आउँदा त मेरा गाउँका दिदीबहिनीहरु खुशीकासाथ पढ्न हिडेको देखेर मलाई पनि पढ्ने इच्छा आयो । त्यहाँ पढ्नको लागि सहयोग गर्ने सहमति, ग्रामीण युवा विकास कार्यक्रम मार्फत इच्छा व्यक्त गरेँ । कार्यक्रमबाट सहजै हुन्छ पढ भन्नुभयो । मलाई लाग्यो यो मेरो अवसर हो मैले गुमाउनु हुन्न अरु अवसर खोजिरहनु पर्छ । १ वर्ष पछि किशोरी कक्षा सकिने समय आयो मेरो अझै पढ्ने इच्छा मैले आफैले कार्यक्रम मार्फत भन्न डर लाग्यो र मेरो साहिलो सानीआमासँग भन्नको लागि अनुरोध गरेँ फलस्वरुप मैले पढ्ने मौका पाएँ । जब १ वर्ष किरोरी कक्षा सकियो, कक्षा ५ पढ्न सक्छु भन्ने आँट आयो र गाउँ भन्दा १ घण्टा टाढा श्री मौलादेवी प्रा.वि.हर्दिमा अध्ययन गर्न गएँ । हामी ३ जना साथी थियौं । हामीले पढ्ने कोठाको वरिपरि काम नपाएका केटाहरुले आएर जिस्क्याइरहन्थे । यो कुरा हामिले सहमतिलाई भनिदियौं । पढ्ने बेलामा कोठामा नै आउने, बाटोमा उस्तै गिज्याउने अव यो उमेरमा के पढ्छौ भनेर अभिभावकहरुले जिस्काउने हामीलाई लाग्थ्यो हामी पढ्ने विद्यार्थी होइनौ र ? यत्तिकैमा सहमति र मौलादेवी प्रा.वि.का शिक्षकहरुले हाम्रो समस्यालाई समाधान गरिदिनुभयो । पढ्दै जाँदा मैले कक्षा ५ पनि उत्तिर्ण गरेँ त्यो पनि प्रथम श्रेणीमा, म मा खुसिको सीमा रहेन । कतिखेर घरमा गएर सुनाउँ, गाउँका सबै अभिभावकलाई बताउँ कक्षा ५ उत्तीर्ण गरेपछि कक्षा ६ पढ्नको लागि तनहुँ जिल्ला दुइवटा नदी ढुंगामा पार गरेर जानुपर्थ्यो । मैले हिम्मत हारिन, म कक्षा ५ मा प्रथम श्रेणीमा उत्तीर्ण गरेको हुनाले मैले कक्षा ७ मा अध्ययन गर्छु भनेर सहमति, ग्रामीण युवा विकास कार्यक्रमलाई अनुरोध गरेँ । कार्यक्रम मार्फत र मौलादेवी प्रा.वि. का शिक्षकहरुको विशेष अनुरोधमा मैले कक्षा ५ पछि कक्षा ७ मा पढ्ने मौका पाएँ, म कक्षा सात मा पनि राम्रो अंक ल्याई उत्तीर्ण भएँ । हाल म कक्षा ८ मा अध्ययन गर्दैछु । मैले हिम्मत हार्दिन र म यहाँसम्म पढ्नको निम्ति हौसला र सहयोग प्रदान गर्ने सहमति, ग्रामीण युवा विकास कार्यक्रमलाई भित्री आत्मादेखि धन्यवाद दिन चाहन्छु । मलाई लाग्छ मेरो परिवारभन्दा ठूलो सहमति संस्था हो । म अझै धेरै पढ्न चाहन्छु । मलाई नबिर्सिदिनु होला । म केही गरेर देखाउँछु । मलाई तपाईहरुको मायाँ, र सहयोग निरन्तर भयो भने म अझ राम्रो गर्नेछु । मैले हजुरहरुको सहयोग पाइन भने मेरो जिन्दगी त्यही पहिलाको अवस्थामा पुग्नेछ ।

# विदेशिनुको वाध्यता

❑ ऋषिश्वर वकावल
डाँडाझेरी



वाध्यता भो नेपालीलाई विदेश जानुपर्ने
नगएमा घरको खर्च के गरेर टार्ने
अरुकै देश जानुपर्ने कस्तो होला जिन्दगी
घर खेत राखी राखी साहुसँग वन्दकी
बुढाबुढी वावुआमा घरमा रुँदै वस्ने
मातृभुमि छोडनुपर्दा मन कसरी हाँस्ने
प्राणप्यारी जीवन साथी सानो छ है छोरा
विदेशमा गई वोक्नुपर्ने पराईको वोरा
थाहा छैन के हुने हो विदेशको जीवन
रनवन डुलिरहन्छ यो मेरो मन

# गरे के नै नहुने रहेछ र

❑ रेशबहादुर थापा
रतनपुर-३, भत्तेरी

म रतनपुर गा.वि.स. वडा नं. ३ भत्तेरीमा ६ जनाको परिवारसँग बसेको छु । उमेरको हिसाबले २३ बसन्त पार गरिसकेको हुनाले मनमा धेरै तरङ्गहरू मौलाउँदै आइरहन्थे । कसरी धेरै पैसा कमाउन सकिन्छ, कसरी पारिवारिक सुख पाउन सकिन्छ भन्ने कुरा मनमा लिँदै साथी साथीको लहैलहैमा आजभन्दा ४ वर्ष अगाडि खाडीमुलुकको दुवई देशमा काम गर्न पुगेँ । विदेश जाँदा मेरो हातमा केही पनि सीप थिएन । फलस्वरूप मैले धेरै दु:ख भोग्नुपर्‍यो । विदेशमा दु:खकासाथ जीवन बिताउँदा मलाई घरको यादले बारम्बार सताइरहन्थ्यो । त्यो बिरानो मुलुकमा दु:खकष्ट गरेर २ वर्ष बिताएँ र म घर फर्के । विदेश गए कमाई भएन त्यसर्थ मैले अब यहीँ केही गर्नुपर्छ भन्ने सोच भइरहँदा सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम सञ्चालन भएको थाहा पाएँ । सो कार्यक्रमले यस गाउँमा बेमौसमी तरकारी प्रविधि तालिम दिँदै गरेको रहेछ । सो तालिममा म पनि सहभागी हुने अवसर पाएँ । सो तालिम लिएपछि शुरुमा १/२ कठ्ठा क्षेत्रफलमा काउली, टमाटर, खुर्सानी बालीहरू लगाएँ । त्यसबाट खर्च कटाएर रु. १५,०००।- कमाउन सके तर त्यति नै क्षेत्रफलबाट गहुँ, मकै लगाउँदा धौधौले १५०० रुपैयाँ कमाउन सकिन्थ्यो । मैले आम्दानीको वृद्धिले तरकारी खेती गर्ने क्षेत्रफल बढाएर ४ कठ्ठामा खेती गर्न शुरु गरेँ । सो क्षेत्रफलमा बन्दा, काउली, टमाटर, लौका, घिरौंला, भिण्डी लगायतका बालीहरू लगाए । सो खेतीबाट ३५,०००।- आम्दानी लिन सफल भए र अहिले पनि ४ कठ्ठा क्षेत्रफलमा आलु २ कठ्ठा र बाँकी २ कठ्ठामा काउली, केराउ, टमाटर, बन्दाहरू लगाएको छु ।

ग्रामीण युवा विकास कार्यक्रमले भत्तेरी क्षेत्रमा सिंचाई सुविधाको लागि पाइप सहयोग गर्दा तरकारी खेतीको साथसाथै समयमा मकै रोप्ने, धान रोप्ने काम भएको छ जसले गर्दा सबै किसानहरूलाई कृषि उत्पादन गर्न समेत सजिलो भएको छ । हामी भत्तेरीका १४ घरधुरी मिलेर व्यवसायिक रुपमा करिब ४ विघा क्षेत्रफलमा तरकारी खेती गरेका छौं । सरकारी निकायसँग सम्पर्क बढाउन अहिले भर्खरै भत्तेरी कृषि समूह गठन गरी जिल्लामा दर्ता पनि गरेका छौं । समूहका प्रत्येक घरका महिलाहरू दमारवेंशीमा रहेको महिला मिलन वचत तथा ऋण सहकारी संस्था लिमिटेडमा महिनाको १००।- रुपैयाँ पनि बचत गर्दछन । संस्थाबाट ऋण ल्याएर हामीहरूले विभिन्न कामको प्रयोगका लागि परिचालन गर्ने गर्छौं । यसरी मानिसले गर्ने हो भने के गर्न नसकिने रहेछ र ? अहिले यही समूहमा काम गर्दा विभिन्न तालिम, गोष्ठी, भ्रमणमा समेत सहभागी हुन पाइयो । मैले तरकारी खेती गर्नुभन्दा अगाडि साथीको लहैलहैमा लागेर विदेशमा गएर जस्तो दु:ख पाएँ, त्यति नै मेहनत यहीँ नै गर्ने हो भने यही माटोमा पनि सुन फलाउन सकिदो रहेछ । मैले यही तरकारी खेतीबाट घर खर्चको गुजारा, सानोतिनो रकमका लागि चर्को व्याजमा ऋण काढ्न नपर्ने, घरमा सबैले ताजा तरकारी उपभोग गर्न पाउने भएका छौं ।

अन्तमा मैले विदेश जाने साथीहरूलाई के भन्न चाहान्छु भने हाम्रै वरपर भएका स्रोत साधनहरूलाई सदुपयोग गरी अवसरको रुपमा लिने हो र गाँउघरको कामलाई सानो नसम्झिने हो भने पक्कै पनि विदेशमा भोग्नु पर्ने दु:खकष्ट, दलालीहरूले पैसा खाइदिने, काम गर्दा शारीरिक अङ्गभङ्गदेखि मृत्यु समेत हुने समस्याहरूबाट पिडा भोग्नु पर्ने थिएन । अर्कोतिर स्वदेशमा सम्पूर्ण युवाहरू एकत्रित भएर समाजको काममा लाग्ने हो भने पक्कै पनि आफ्नो गाँउ र देशले एउटा नयाँ अनुहार फेर्ने थियो ।

# साना नानीहरूको साथी युवा सूचना केन्द्र

❑ चुनकुमारी पुलामी
गैंडाकोट-३, ढोडेनी

मेरो नाम चुनकुमारी पुलामी हो । मेरो घर नवलपरासी जिल्लाको गैंडाकोट गा.वि.स.को वडा नं. ३ ढोडेनी भन्ने ठाउँमा छ । म घरछेउको श्री कृष्ण गण्डकी निम्न माध्यमिक विद्यालयको कक्षा ४ मा पढ्छु । हाल मेरो घरमा आमा भाइबहिनी र म गरी जम्मा ४ जना वस्छौं । मेरो बाबा घरमा खासै पैसा कमाउन नसकेकोले १ वर्ष अगाडिदेखि धेरै पैसा कमाउने र सुखसँग बसौंला भनेर दुवई भन्ने ठाउँमा जानु भएको छ । पहिला पहिला हामी स्कुल विदाका दिन वा फुर्सदका दिनहरूमा घुमेर धुलोमा खेलेर बाख्रा हेर्ने, घाँस दाउरा खोज्ने जस्ता काममा दिन बिताउँथ्यौं । जब मैले ढोडेनीमा सहकारी अर्न्तगत युवा सूचना केन्द्र खुलेको थाहा पाएँ त्यहाँ ठूला-ठूला दाइ दिदीहरू पत्रपत्रिका पढेर बसेको देखे र म पनि त्यहाँ गएँ र पहिला त त्यहाँ के हुन्छ भन्ने कुरा थाहा थिएन । विस्तारै थाहा पाए र त्यहाँ जान थाले । कथाका किताबहरू, अंग्रेजी सिक्ने विभिन्न किताबहरू देखे । अर्को त्यहाँ दिनदिनै पत्रिकाहरू आउने रहेछ । त्यसपछि स्कुल बिदा हुना साथ विदाका दिनहरूमा त्यहाँ पढ्न जान थाले । त्यसपछि मेरो वरपरका साथीहरू पनि म सँगै त्यहाँ पढ्न जान थाले । आजकाल हामीहरू स्कुल विदाका दिन धुलो खेलेर घुमेर हिंड्दैनौं । पौडी खेल्न जाँदैनौं बरु किताबहरू पढ्छौं । नियमित स्कुल जान्छौ साथीहरू पनि निकै सफा हुन्छन् । सूचना केन्द्रले आजभोलि हामीमा धेरै परिवर्तन गराइदिएको छ । अझै आजकाल सूचना केन्द्रमा अंग्रेजी भाषा कक्षा पढाई हुन्छ तर म सानै भएकाले पढ्न पाएकी छैन । हामी साना-साना बच्चाहरूलाई हुने कक्षा पनि भए म जस्ता धेरै साथीहरुले फाईदा लिने थियौं अन्तमा हामीलाई यसरी पढ्ने बानीको विकास गराइ सचेत बनाई दिएकोमा युवा सूचना केन्द्रलाई धन्यवाद ।



# ग्रामीण युवा र तालिमको महत्व

❑ झुमिसरा मोग्मी
युवा सूचना केन्द परिचालिका, रतनपुर

म नवलपरासी जिल्ला रतनपुर गा.वि.स. वडा नं. ५ बसेनीमा बसोबास गर्दै आएकी छु । म आफैले मेरो व्यक्तिगत परिवर्तनको कुरा गर्नुपर्दा म पहिला एउटा केही नबुझ्ने व्यक्ति थिएँ । मलाई आफ्नै गाउँका दाजुभाइसँग बोल्न पनि डर लाग्थ्यो । कसरी म समाजसँग घुलमिल हुने अनि गाउँ समाजको विकासमा कसरी अघि बढ्न सकिन्छ भन्ने ज्ञान म मा थिएन । सधैं गाई, बाख्राको गोठालो हिँड्ने र घाँस, दाउरामा दिन बितेका थिए । मलाई लाग्थ्यो मैले पनि कुनै सीपमुलक तालिम लिन पाए हुन्थ्यो । केही सीपमुलक तालिम लिएर आफ्नै गाउँमा गर्न सके हुन्थ्यो जस्तो लाग्थ्यो । यसै क्रममा सहमतिबाट सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमद्वारा युवा सूचना केन्द्रमा सेवा गर्ने अवसर पाए । जब म युवा सूचना केन्द्र रतनपुर-१ दमारमा युवा सूचना केन्द्र परिचालिकाको रुममा काम गर्न थाले तब मेरो जिन्दगीले नयाँ मोड लिए जस्तो भयो । हुन त मेरो घरदेखि युवा सूचना केन्द्र रहेको कार्यक्षेत्रको भौगोलिक दुरी निकै टाढा थियो । तर मलाई लाग्थ्यो केही चिज पाउनका लागि केही चिज गुमाउनु पर्छ । मानिस भएर जन्मेपछि जस्तोसुकै कठिनाइको पनि सामना गर्न सक्नु पर्छ भन्ने भावनाकासाथ मैले काम गर्न थाले । मैले धेरै कथा उपन्यास जस्ता विभिन्न किसिमका पुस्तकहरू पत्रिका पढे । त्यसबाट मैले धेरै ज्ञान लिन अवसर पाए । विकास त्यसै हुँदो रहेनछ भन्ने ज्ञानको अनुभव भयो । विकास गर्नका लागि विभिन्न किसिमका सीपमुलक तालिम लिनु पर्दो रहेछ भन्ने एउटा उत्साह जागेर आयो । मैले शुरुमा सहमति संस्थाबाट सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमबाट रतनपुर-१ दमारमा दुई दिने सामाजिक मूल्य एवं अन्तरक्रिया कार्यक्रममा सहभागी हुने मौका पाएँ । त्यस अन्तरक्रिया कार्यक्रमबाट म मा के खुल्दुली भयो भने जसबाट समाजमा भएका विकृति, कुसंस्कार कसरी हटाउन सकिन्छ र आफ्नो अधिकार आफैले खोज्नु पर्छ भन्ने एउटा चेतना मिल्यो । फेरी सोही कार्यक्रमबाट तीन दिने सहकारी व्यवस्थापन तालिम लिने अवसर मिल्यो यस तालिमबाट आफ्नो फजुल खर्च कसरी हटाउने, आफ्नो गाउँ समाजको विकास कसरी अगाडि बढाउन सकिन्छ भन्ने थाहा पाएँ । यसरी नै बीच-बीचमा धेरै तालिमहरू लिए र तालिमबाट मैले धेरै ज्ञान गुनका कुराहरू सिक्ने अवसर पाएँ । यसै क्रममा सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम बाट भ्रमण सहभागी हुने मौका पाएँ जुन भ्रमणबाट ममा कुनै कार्य गर्न लागिपर्ने र सामना गर्न सक्ने ज्ञान सहित आत्मबल बढ्यो । आफूले आफैमा धेरै परिवर्तन भएको पाएँ । यसरी सिकाइको प्रक्रियासँग फेरी अर्को सुरक्षित बसाइसराइ सम्बन्धी सात दिने प्रशिक्षक प्रशिक्षण पनि सहमति संस्थाबाट लिन अवसर मिल्यो । यसरी समयको गतिसँगै सहमति संस्थाबाट धेरै तालिमहरू लिएँ । जुन तालिमबाट आफूमा कुनै कार्य गर्न सक्ने ज्ञान सीप र नेतृत्वको विकास भएको छ जस्तो लाग्छ । पहिला म तालिम नलिंदा सामान्य व्यक्ति थिएँ । यिनै तालिमहरुको सहायताले आज आएर युवाहरूसँग घुलमिल भएर रतनपुर-१ दमारमा सहमति संस्थाको सहयोगमा सञ्चालित युवा सूचना केन्द्रमा परिचालिकाको रूपमा रहेर काम गरिरहेकी छु ।



# युवा सूचना केन्द्रबाट प्रभावित भएँ

❑ याम लुंगेली
कोटथर-४, ढाँडवेसी

कोटथर गा.वि.स.मा आवद्ध रहेको युवा सूचना केन्द्रबाट म प्रभावित भएको छु । किनभने यो सूचना केन्द्रले हामी जस्ता युवाहरूलाई परिचालन गरेर अगाडि बढ्न अभिप्रेरित गरेको छ । त्यसको साथसाथै सहमति संस्थाबाट युवाहरूको ईच्छा, आकांक्षा, चाहना अनुसारका विभिन्न किसिमका सीपमूलक तालिम, कम्प्युटर मर्मत, अंग्रेजी भाषा, ड्राइभिङ, पशु स्वास्थ्य, तरकारी खेती यी आदि सम्बन्धी तालिम दिएर बेरोजगारीलाई रोजगार दिलाउनको लागि अगाडि बढिरहेका छन् । स्थानीय सहकारीद्वारा संचालित युवा सूचना केन्द्रको मूख्य उद्देश्य के रहेछ भने व्यक्तिको खाली समयमा सूचना केन्द्रमा आई विभिन्न किसिमका पाठ्यपुस्तकहरू अध्ययन गराउने, पत्रपत्रिका अध्ययन गराउने र युवाहरूले भविष्यमा यो देशको लागि एउटा असल व्याक्तित्व तयार गर्नको लागि र अनावश्यक रूपमा जाँड, रक्सी, चुरोटबाट नजिक रहेका युवाहरूलाई त्यसबाट टाढा रहनको लागि युवा सूचना केन्द्रले परामर्श दिएको पाइन्छ । र यो कोटथर गा.वि.स.कै युवाहरूलाई एक जुट बनाई कुनै पनि सकरात्मक काममा लाग्न सुझाव दिएको पाइन्छ र सहमति संस्थाबाट सञ्चालित Language कक्षामा म पनि सहभागी छु र म अहिले पहिलाभन्दा धेरै कुराहरू जानेको छु । त्यसैले युवाहरूको लागि शिक्षामा पहिलो प्राथमिकता दिनु पर्दछ । कुनै पनि व्यक्तिको शारीरिक, मानसिक, संवेगात्मक चौतर्फी विकास गर्नको लागि शिक्षाले धेरै भूमिका खेल्दछ । त्यसैले मानव जीवनमा शिक्षा अपरिहार्य मानिन्छ । अतः कुनै पनि व्यक्ति गरिब छ र ऊ पढ्नको लागि शुल्कहरू तिर्न नसकेको अवस्थामा यो सहमति संस्थाले सहयोग गरिरहेको पाइन्छ । त्यसैले नेपालका दुर्गम गाउँघरमा सहमति जस्ता संस्था र ग्रामीण युवा विकास कार्यक्रमहरू जस्ता कार्यक्रमहरूको आवश्यकता छ ।

# उपयोगी भयो युवा सूचना केन्द्र

❑ बसन्ती थापा
सूचना केन्द्र परिचालिका, डाँडाझेरी

नवलपरासी जिल्लामा सबैभन्दा विकट गा.वि.स.को रूपमा परिचित डाँडाझेरी गा.वि.स. हो । यस गा.वि.स. सामाजिक, आर्थिक, राजनैतिक, भौगोलिक हिसाबले पनि पछाडि छ । त्यसकारण यस गा.वि.स.का युवाहरू जीवन धान्नका लागि नेपाल छोडेर पैसा कमाउने उद्देश्यले विभिन्न देशमा पलायन भएको देखिन्छ ।

यस्तो अवस्थामा युवाहरूलाई सक्रिय बनाई क्षमता अभिवृद्धि तथा स्वरोजगारका अवसर सिर्जना गर्ने सोचका साथ डाँडाझेरीलाई कार्यक्षेत्र बनाई सहमतिद्वारा ग्रामीण युवा विकास कार्यक्रम सञ्चालित भयो । यस कार्यक्रमले ग्रामीण भेगमा रहेका युवाहरूलाई विभिन्न कार्यक्रम दिएर अगाडि बढाइरहेको छ र त्यसपछि यहाँका युवाहरू विदेशिने क्रममा पनि कमी आउन थालेको छ । विस्तारै गाउँमा युवाहरूको सक्रियता पनि बढ्न थाल्यो । सोही क्रममा यस ग्रामीण भेगका युवाहरूमा पनि सूचना सम्प्रेषणमा समस्या देखिएकाले र सूचना केन्द्रको आवश्यकता परेको कारणले २०६७ सालमा कामना बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापनमा युवा सूचना केन्द्र डाँडाझेरी-९ टाँडीमा गठन गरियो । यस सूचना केन्द्रको स्थापनापछि यहाँका ग्रामीण भेगमा रहेका युवाहरू विभिन्न सूचना तथा ज्ञानवर्द्धक पुस्तकहरू पढ्ने मौका प्राप्त गरेका छन् । यहाँ दैनिक, साप्ताहिक साथै मासिक रूपमा प्रकाशित पत्रपत्रिकाहरू उपलब्ध हुन्छन भने युवाहरूको बसाइसराई तथ्याङ्क संकलन पनि हुने गर्दछ । यहाँ विभिन्न पेशाहरूसँग सम्बन्धित जीवनपयोगी, बौद्धिक एवं बालपुस्तकहरू, ज्ञानवर्द्धक पुस्तकहरू संलग्न पुस्तकालय छ ।



विभिन्न पत्रपत्रिका एवम् पुस्तक अध्ययनका लागि यस युवा सूचना केन्द्रमा युवाहरूको निकै पहुँच बढेको छ । युवाहरूलाई मात्र नभएर बाल पुस्तक पनि उपलब्ध भएको हुनाले बालबालिकाहरूको पढ्ने बानीको समेत विकास भएको छ ।

युवा सूचना केन्द्र स्थापना भएपछि यहाँका युवाहरूमा पनि निकै परिवर्तन भएको देखिन्छ र पहिला यसै होहल्ला र झगडा गर्ने, समयको सदुपयोग नगर्ने युवाहरू अहिले फुर्सदको समयमा यस सूचना केन्द्रमा आई पुस्तकहरू पढ्ने गरेका छन् । यसरी नै डाँडाझेरीबासी युवाहरूमा मात्र नभएर अन्यत्र गा.वि.स.मा रहेका युवाहरूमा पनि परिवर्तन भयो भने युवा मार्फत विभिन्न किसिमका सामाजिक आर्थिक क्रियाकलापहरु संचालन गर्न पक्कै पनि सहयोग मिल्नेछ ।

# युवा सूचना केन्द्रको प्रभाव रतनपुरमा

❑ होमराज सुगरपाक "सिनर्जी"
रतनपुर, दमार

२०६७ सालमा स्थापित युवा सूचना केन्द्र, सूचना तथा सञ्चार जगतका लागि गा.वि.स.कै नमूना केन्द्रको रूपमा परिचित छ । सामान्यदेखि लिएर महत्वपूर्ण सन्देशहरू जानकारी गराउने महत्वपूर्ण कारक तत्व यस सूचना केन्द्र देश विदेशमा घटेका घटनाहरू, पत्रपत्रिकाका कुराहरू, सामाजिक क्षेत्रका कार्यहरू, साहित्य लेखनहरू तथा बौद्धिक विकासको पुस्तकहरू उपलव्ध गराएर ग्रामीणस्तरमा महत्वपूर्ण योगदान दिन सफल भएको छ । सञ्चार जगतको क्षेत्रमा पछौटेपनले छोएका यस गा.वि.स.का स्थानीय बासीहरूले फुर्सदको समयमा बदलिंदो समयका सम्पूर्ण क्षेत्रका सूचनाहरूको पुस्तकहरू, पत्रपत्रिकाहरू अध्ययन गर्न पाएका छन् । यस अर्थमा फुर्सदको समयको सदुपयोग हुनुका साथै बौद्धिक क्षमताको विकास गर्ने सुनौलो अवसरहरू पनि पाएका छन् । सञ्चार अहिलेको समयमा ज्ञानबर्द्धक, शक्तिबर्द्धक र कार्यबर्द्धक बुटी हो । जहाँसम्म लाग्छ सञ्चार बिना संसार नै अँध्यारो छ । यो एक्काइसौं शताब्दीमा आएर रतनपुर गा.वि.स.को सूचना केन्द्रले निकै महत्व बोकेको छ ।

विगतमा जे-जस्तो भएपनि अहिलेको अवस्थामा सूचना केन्द्रबाट स्थानीयस्तरका बालक युवा, वृद्ध लगायत बुद्धिजीवी महानुभावहरू पनि फुर्सदको समय मिलाएर सूचना केन्द्र धाउने गरेका छन् । निकट भविष्यमा यसरी नै युवाहरूले सूचना केन्द्रका पुस्तकहरु पढेर ज्ञान लिने हो भने सूचना केन्द्र गा.वि.स.को मात्र होइन यस मार्फत हाम्रो लुकिरहेको अवस्थामा रहेका प्रतिभाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पुग्नेछन् । सूचना केन्द्रको महत्व अझै राम्रोसँग बुझ्दा एमा फुर्सदमा बालबालिका माटोमा खेल्न छोडी बाल सन्देशहरू पढ्न थाल्ने छन् । युवा तास, मध्यपान गर्न छोडी युवा सन्देशहरू पढ्न थाल्नेछन् । बुद्धिजीवीहरू तथा वृद्धहरू रामायण तथा सामाजिक क्षेत्रका पुस्तकहरू पढ्न थाल्ने छन् जसबाट समग्र गाउमानै सकारात्मक सन्देश फैलिने छ

# जीविकोपार्जनका लागि तरकारी खेती

❐ कृष्णबहादुर गरन्जा
रतनपुर-३, भत्तेरी

नवलपरासी जिल्लाको महेन्द्र राजमार्गको काली गण्डकी चोकबाट उत्तरपट्टि करिब १७ कि.मि. उत्तरमा रतनपुर गा.वि.स. वडा नं. ३ भत्तेरी गाउँ पर्दछ । यस भत्तेरी गाउँमा सिंचाई असुविधा, परम्परागत खेती प्रणाली, साक्षरताको कमी, चेतनाको कमि जस्ता समस्याहरू रहेका थिए । यहाँ आम्दानीको मुख्य स्रोत नभएकाले जीवन निर्वाह गर्न घरायसी रक्सी उत्पादन गर्ने गरिन्थ्यो । त्यसै बखत सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम यस क्षेत्रमा सञ्चालन भयो तब यस गाउँको मुहार फेरेको महसुस भएको छ  किनकि यहाँको प्रमुख समस्या भनेको सिंचाई असुविधा रहेको थियो । सो को अभावमा यहाँको खेतीपाती राम्रोसँग फस्टाउन सकेको थिएन । जब त्यस कार्यक्रमबाट सिंचाई सुविधा र बेमौसमी तरकारी खेती तालिम सञ्चालन भयो तब यस क्षेत्रका १४ घरधुरी नै तरकारी खेती तालिम सञ्चालन भयो तब यस क्षेत्रका १४ घरधुरी नै तरकारी खेतीतर्फ आकर्षित भए । यस क्षेत्रलाई तरकारी खेतीको नमुना क्षेत्रको रूपमा विस्तार गर्ने उद्देश्यले भत्तेरी कृषि समूह गठन गरि जिल्ला कृषि विकास कार्यालयमा दर्ता गरियो । यसमा १४ जना कृषक सदस्यहरूको सहभागिता रहेको छ । सो समूहको एकजना कृषक सदस्य म पनि हुँ । तालिम सञ्चालन हुनु पूर्व यहाँको खेती प्रणाली परम्परागत रहेको थियो फलस्वरूप वर्षभरी खान नपुग्ने अवस्था थियो । धेरै क्षेत्रफलबाट थोरै उत्पादन हुँदा बढी श्रमको प्रयोग गर्नुपर्ने, सबै क्षेत्रफलमा मलखाद पुऱ्याउन नसक्नु जसले गर्दा खेतीपाती राम्रोसँग नभई उत्पादनमा कमी आएको थियो । तालिम पश्चात थोरै क्षेत्रफलबाट बढी उत्पादन गर्न सकिने तौर तरिकाहरूबारे जानकारी प्राप्त गरेपछि मैले शुरुमा १ कठ्ठा क्षेत्रफलबाट तरकारी खेतीको शुरुवात गरें । सो क्षेत्रफलमा काउली, बन्दा, टमाटर, खुर्सानी लगायतका बालीहरू लगाएँ । सो बालीबाट खर्च कटाएर रु. ७,०००।- मुनाफा गरें तर त्यहीँ ठाउँमा मकै, कोदो लगाउँदा २ पाथी अन्न उत्पान गर्न धौ धौ पर्थ्यो भने तरकारी खेतीबाट त्यति क्षेत्रफलमा धेरै आम्दानी भएको देखेपछि मैले तरकारी खेतीको क्षेत्रफल बढाउँदै लगें । गत वर्ष तरकारी खेतीबाट ७०,०००।- रुपैयाँ कमाएँ । अहिले पनि ४ कठ्ठा क्षेत्रफलमा आलु, टमाटर, बन्दा, काउली, ब्रोकाउली जस्ता बालीहरू लगाएको छु । म अहिले मेरो ८ जनाको परिवारलाई खर्च जुटाउने स्रोत यही तरकारी खेती नै भएको छ । मौसम अनुसारको तरकारी उत्पादन गर्दा घरमा निरन्तर ताजा तरकारी उपभोगले स्वास्थ्यमा समेत सुधार तथा बजारमा गएर किन्ने पैसाको बचत, त्यस्तै बढी भएको तरकारीलाई बिक्री वितरण गरेर घरायसी खर्च, बच्चाहरूलाई पढाउने खर्च तथा भविष्यमा आइपर्ने संकटलाई समेत समाधान गर्न बचत पनि गरेको छु ।

अन्तमा सहमति संस्थाले खेती प्रविधिको बारेमा ज्ञान दिई हामीहरूको आयस्तरमा वृद्धि गराउन जुन भूमिका खेलेको छ त्यसको लागि सहमति संस्थालाई मुरी मुरी धन्यवाद दिन चाहन्छु र आगामी दिनमा पनि यस्तै किसिमका ज्ञान र सहयोग प्रदान गर्दै जाओस् भन्दै उत्तरोत्तर प्रगतिको शुभकामना दिन चाहन्छु ।

# मेरो जीवनमा आएका सकारात्मक परिवर्तन

❐ जनकराज वि.क.
कोटथर, ढाँडवेशी

मेरो घर कोटथर-४, ढाँडवेसीमा पर्दछ र म कक्षा १२ मा पढ्दै छु । यस सहमतिले ल्याएको कार्यक्रमले मेरो जीवनमा आमुल परिवर्तन ल्याएको अनुभूति गरिरहेको छु । सहमतिले आयोजना गरेको तरकारी तालिमबाट हामीलाई ठूलो सहयोग मिल्न आएको छ । तरकारी कसरी लगाउने, कुन समयमा कुन तरकारी लगाउने भन्ने कुराको अग्रिम जानकारी पाएपछि हामीले थोरै तरकारी लगाएर पनि धेरै उत्पादन पाउन सकियो । तालिम पश्चात हामीले त्यस तालिमबाट ठूलो सहयोग पुग्न गएको छ । मैले तरकारी लगाईसकेपछि प्रशस्त मात्रामा तरकारी उत्पादन गराएको छु । यो भन्दा पहिला दोकानमा गएर तरकारी किनी खानु पर्थ्यो तर अहिले म आफैले उत्पादन गरेको तरकारी ताजा र पैसाको बचत भएको छ ।



त्यस्तै केही समय अगाडि उद्घोषण तालिम लिएको थिएँ जुन तालिम लिएपछि मैले उद्घोषक बन्ने अवसर त पाइरहेको छैन तैपनि मेरो आफ्नो वौद्धिक विकासका साथसाथै बोल्ने बानीको पनि विकास भएको महसुस गरेको छु ।

अहिले मलाई लाग्छ, जस्तोसुकै परिस्थितिमा पनि म बोल्न र आफ्ना कुरा राख्न सक्छु भन्ने दृढ विश्वास जागेको छ । मेरो पहिलेको स्थितिलाई हेर्ने हो भनी धेरै जनाको अगाडी बोल्न नसक्ने, डराउने, डक्मकाउने जस्ता अवस्था थियो तर आज म आफ्नो समस्या सहजकासाथ राख्न सक्ने खुबीको विकास भएको अनुभूति प्राप्त गरेको छु ।

# युवालाई मेरो अनुरोध

❑ कल्पना श्रेष्ठ
कोटथर, थामवेंशी

मेरो जन्मभूमि कोटथर गा.वि.स. नवलपरासी जिल्लाको एक विकट क्षेत्र हो जहाँ अझैसम्म यातायातका साधन पनि राम्ररी चल्न सकेको छैन । पढाइको दौरानमा मेरो बसाइ गैंडाकोट भएता पनि हाल म यही गाउँमा बस्दै आएकी छु । यहाँ बस्ने क्रममा म यस युवा सूचना केन्द्रसँग एकदमै नजिकिए जहाँ म समय मिलेसम्म त्यहाँ गएर विभिन्न पुस्तक अनि पत्रपत्रिका अध्ययन गर्ने गर्छु । करिब एक वर्षको अवधिमा सहमति संस्थाद्वारा सञ्चालन भइरहेको यस केन्द्रले युवाहरूको रुचि र आवश्यकता अनुसारको चेतना प्रवाह गर्ने आवश्यक पुस्तकहरूको चाजोपाँजो मिलाई दिएको छ । मलाई दिक्क लाग्छ मेरो समाज कहिले शिक्षित अनि सक्रिय हुने होला ? मानिसको जीवन पद्धतिलाई अगाडि लैजाने भनेको चेतना हो । चेतनाको अभावमा मानिसको जीवन अगाडि जानुको साटो पछाडि धकेलिन्छ । त्यसकारण अहिलेको २१औं शताब्दीमा युवाको लागि चेतना एक अत्यन्त टड्कारोको विषय बनिसकेको छ । अझ त्यसमा बालबालिकालाई पनि समेटी उनीहरूको समस्या अनुसारको पुस्तक पनि भएमा राम्रो हुने थियो किनकि त्यस उमेरमा मानसिक प्रक्रिया अत्यन्त जटिल हुन्छ- के गर्ने के नगर्ने थाहा हुँदैन । यसरी सानैदेखि बालबालिकालाई सक्रिय अनि ज्ञानगुनका पाठहरू सिकाइ सक्रिय तुल्याउन सक्यौं भने भावी आउँदो पिडीहरूको मुहार नै अर्कै हुने थियो । समाजको प्रक्रिया पनि त्यही अनुसार चल्ने थियो । यद्यपि ४ वर्षको दौरानमा यस संस्थाद्वारा सञ्चालित कार्यक्रमहरू निकै प्रभावित भएको छ । अझ मानिसहरू बचतप्रति सचेत भएका छन् भने युवाहरू पनि उत्तिकै सक्रिय हुन थालेका छन् । अर्कोतर्फ प्रौढ मानिसहरू पनि पढ्नको लागि कम्मर कसेर लागि परेको पाइन्छ । बढ्दो बेरोजगारीको समस्याबाट पीडित युवाहरू पनि त्यसप्रति चेतनशील, जागरुक अनि चासो देखाउन थालेका छन् । यसरी नै तालिम, गोष्ठी अनि चेतनाको प्रवाहद्वारा यस कार्यक्रमले दिगो रूपमा सञ्चालन गरिरहन सफल होस् यही मेरो अग्रिम शुभकामना । मलाई लाग्छ, मानिस भएपछि आफ्नो समाजको लागि केही न केही देनको भावना हुनु पर्दछ । आफ्नो जीवन पद्धति वा जीवनचक्र त जुनसुकै पशु तथा प्राणीले पनि पूरा गर्न सक्दछ तर मानिस एक चेतनशील प्राणी भएको नाताले पशु सरह सीमित नरही उसको आफ्नो समाजको लागि सानो ठूलो जस्तो कार्यमा पनि सक्रिय रूपमा योगदान गर्नेपर्छ जसले गर्दा समाजले छिट्टै कोल्टो फेर्न सक्दछ । त्यसकारण म एउटा प्रश्न गर्न चाहन्छु, 'मानिस एक चेतनशील प्राणी भएर आफ्नो जीवनयापन गर्ने कि एक अन्य प्राणी वा पशुसरह आफ्नो जीवन व्यतित गर्ने ? अहिलेको परिवेश अनुसार चेतना सही र गलत दुवै प्राप्त हुन्छ तर सही कुराको अवलम्बन गर्न सिक्नु पर्दछ भने गलतको परित्याग गर्न सिक्नु पर्दछ त्यसैले हाम्रो जस्तो समाजको लागि कुनै पनि विकासका कार्यहरू सफल तुल्याउनको लागि चेतनशील समाज अनि एकजुट भई सक्रिय रूपमा लागि पर्नु पर्दछ । त्यसका लागि यस युवा सूचना केन्द्रले युवाहरूलाई धेरै साथ अनि सहयोग दिएको छ र यसलाई आम युवा तथा मानिसहरूले बेलैमा चिन्न र बुझ्न सकेमा युवा सूचना केन्द्रबाट प्रशस्त ज्ञान र सूचना पाउने कुरामा म विश्वस्त छु ।

## खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

सहमति गैंडाकोट र AWO International Germany को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम अर्न्तगत डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट वार्ड नं ३ मा सन २००८ देखि विभिन्न कार्यक्रमहरु संचालन भईरहेका छन् । यसै क्रममा कार्यक्षेत्रमा रहेका युवाहरुलाई मध्यनजर गर्दै कृषि क्षेत्रमा स्थानीय स्रोतव्यक्ति र गैरकृषि क्षेत्रमा व्यवसायीक युवाहरु तयार गरि स्थानीय रुपमा स्वरोजगारको अवसर सिर्जना गर्ने सोच राखी तपशिल अनुसारका तालिमहरुको आयोजना गरिन लागिएको हुँदा तपशिल अनुसार युवाहरुले आफूलाई ईच्छा लागेको विषयमा युवा सूचना केन्द्र, सहकारी संस्था वा स्थानीय संस्थाहरुमार्फत् यथासिघ्र सहमति ग्रामीण युवा विकास कार्यक्रममा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

- **५१ दिने ग्रामीण कृषि कार्यकर्ता (तरकारीबाली)**
- **५१ दिने ग्रामीण कृषि कार्यकर्ता (अदुवाबाली)**
- **विभिन्न गैरकृषि सीपमूलक तालिमहरू जस्तै प्लम्बीङ्ग, हाउस वायरिङ्ग, व्यटिसियन, डकर्मी, सिकर्मी, हेयर कटिङ्ग, फ्रेस हाउस इत्यादी**

*(नोट : तालिम पश्चात स्थानीयस्तरमानै काम गर्ने युवाहरुलाई प्राथमिकता दिइनेछ)*

# ग्रामीण युवा विकास कार्यक्रम र समुदायमा यसको प्रभाव

❐ खाम बहादुर सुनारी
रतनपुर, आहाले

नवलपरासी जिल्ला स्थित पूर्व पश्चिम महेन्द्र राजमार्गदेखि ९ कि.मि. उत्तरमा रहेको रतनपुर गा.वि.स. वडा नं. ८ आहालेमा बसोबास गर्ने म २० वर्षीय युवक हुँ । मेरो गाउँ राजमार्गदेखि नजिक भएता पनि यहाँका बासिन्दाहरू अन्धविश्वास, अशिक्षित अनि रुढीवादी परम्परामा रुमलिई रहेका थियौं । यहाँका बासिन्दाहरूको जीवनस्तर अत्यन्तै कमजोर, दयनीय रहेको पाइन्छ । यस क्षेत्रका युवा शक्ति विदेश पलायन भइरहेको अवस्थामा साथै यहाँको आयस्तर सुधार्ने, जीवनस्तर उकास्ने ध्येयले यस सहमति संस्थाले ग्रामीण युवा विकास कार्यक्रम मार्फत सहकार्य, सहमति गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गरी साँच्चिकै आजसम्म विभिन्न किसिमका चेतनामूलक तथा सीपमुलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ जुन अत्यन्तै सान्दर्भिक, प्रभावकारी र महत्वपूर्ण छ । यस ठाउँलाई परिवर्तन गर्न सहमतिले जुन किसिमको कसरत गरिरहेको छ त्यो प्रशंसनीय योग्य छ । यस संस्थाले हालसम्म सुधारिएको खोर, बंगुर तथा बाख्रा जस्ता उन्नत जातका वस्तुहरूमा सहयोग गरेको छ र यसका साथै यस गाउँमा सामुदायिक मिल सञ्चालन गर्न जुन किसिमको सहयोग दियो त्यो पनि उचित मानिन्छ । साँच्चै नै यो सहमति संस्था हाम्रो गाउँको लागि दियोको रूपमा बली उज्यालो छाइरहेको छ । यसका साथै म जस्ता ग्रामीण क्षेत्रका युवालाई विभिन्न किसिमको तालिममा सहभागी हुने मौका प्रदान गर्नुभो त्यसप्रति म अत्यन्तै खुशी र गौरवान्वित महसुस गर्दछु । जहाँबाट मैले केही न केही कुरा सिक्ने मौका पाए र सिकेका कुराहरूलाई गाउँ ठाउँमा आदानप्रदान गर्ने अवसर जुटेको छ ।



सहमति संस्थाले हाम्रो समुदायको विकास र युवाहरूको सक्रिय सहभागिताको चासो देखेर ग्रामीण सामाजिक विकास प्रतिष्ठान जस्तो स्थानीयस्तरको संस्थालाई हृदयदेखि नै सहयोग एवम् सल्लाह सुझाव दिइरहेको छ । यसबाट विभिन्न सामाजिक आर्थिक क्रियाकलापहरु संचालन गर्ने योजना बनाई अगाडी बढिरहेका छौं । यस्ता खाले सहयोगको हामी आगामी दिनमा पनि आशा तथा अपेक्षा गर्दछौं । यसरी सहमति संस्थाले जुन किसिमको सीपमुलक, जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै युवाहरुलाई विकासको मुलधारमा ल्याउन प्रयास गरिरहेको छ त्यो अत्यन्तै नै प्रभावकारी छ । आगामी दिनहरूमा यस संस्थाले यस्ता किसिमका कार्यक्रम सञ्चालन गर्दै जानेछ भन्ने अपेक्षा राख्दछु । अन्तमा सहमति संस्थाबाट सञ्चालित सुरक्षित वैदेशिक रोजगार सम्बन्धी प्रशिक्षक प्रशिक्षण लिने अवसर मिल्यो त्यो अत्यन्तै गौरवको कुरा थियो र त्यहाँ सिकेका कुराहरूबाट यहाँका समस्यालाई केही हदसम्म कम गराउने प्रतिवद्धता व्यक्त गर्दछु ।

# ग्रामीण युवामा कृषिको लहर आउनु जरूरी छ

❐ श्यामबहादुर थापा
डाँडाझेरी, भेलौरी

म नवलपरासी जिल्लाको विकट डाँडाझेरी गा.वि.स. वडा नं. १ मा बसोबास गर्ने एक साधारण किसान हुँ । म आफूले आफूलाई कसरी परिवर्तन गर्ने र परिवर्तन भएको देख्ने भन्ने कुरामा अन्यौलमा थिए पनि किसानले आफूलाई परिवर्तन गर्न के नै पो सक्छ र उही परम्परागत तरिकाले काम गर्ने, साँझ बिहान छाक टार्ने अरू विकल्प केही पनि थिएन । तर आज आएर आधुनिक युगमा धेरै किसिमको अपनाउन सकिदो रहेछ भन्ने कुरा ग्रामीण युवा विकास कार्यक्रम सहमति गैंडाकोटको सहयोगमा ५१ दिने अगुवा कृषि कार्यकर्ता तालिम लिन सहभागी हुने अवसर प्रदान गर्नुभयो र त्यस तालिम पश्चात म एउटा सचेत किसान भएको महसुस गरेको छु । कसरी भने हाम्रो मानव शरीरको लागि बालकदेखि वृद्ध नै किन नहोस् शरीरलाई आवश्यक हुने सम्पूर्ण तत्व परिपूर्ण गराउन किसानको हात हुन्छ । कुनै पनि अफिसमा काम गर्ने कर्मचारी, आकाशमा हिँड्ने पाइलेट नै किन नहोस्, डाक्टर नै किन नहोस् किसानले उत्पादन गरेको तत्व पाएन भने केही काम गर्न सक्दैन, मैले व्यक्तिगत जिकिरका साथ पनि भन्न सक्छु ।

किसान गर्ने व्यक्तिसँग पैसा पनि हुन्छ, आफ्नो लागि साँझ बिहान खानाको लागि कसैको घरमा जानु पर्दैन । अर्काको मुख ताक्नु पर्दैन । किसानले निम्न विशेषता बोकेको हुन्छ । समयको बचत, पैसाको बचत, स्वनिर्भर, प्रकृतिप्रेमी, स्वाभिमानी, परिश्रमी, मेहनती आदि आदि कसरी भने एक जना किसान दिनभरी भनौ या २-४ घण्टा कुनै किसिमको काम गर्‍यो भने साँझ बिहान आफूलाई खान पुऱ्याएर बेच्न पनि पुग्छ जसवाट पैसा पनि आउँछ । तर एउटा अफिसमा काम गर्ने कर्मचारी दिनभरी कमायो साँझ बिहान खान मात्र पुग्छ उस्तै भन्ने हो भने नपुग्न पनि सक्छ ।



म त्यति धेरै पढेको व्यक्ति त होईन तर म आफ्नो अन्तरआत्मादेखि के भन्न चाहान्छु भने विदेशमा गएर अति सामान्य काम गरेर आफ्नो जुनीलाई धिक्कार्नुभन्दा आफ्नो भूमिमा वसेर कर्म गरेर खानु धेरै रमाईलो र आनन्द हुन्छ । यो आनन्दको खोजी गर्न युवाहरु धेरै महत्वकांक्षी भएर ठूलो ठूलो कुरा गर्नु भन्दा आफ्नै मेहनत, जाँगरबाट र सामान्य तालिमपछि फड्को मार्न सकिनेबाट खेतीबाली गर्नुनै उत्तम उपाय हो । हामी ग्रामीण भेगमा वसोवास गर्ने व्यक्तिलाई किसान हुनुको विकल्प अन्यथा नभएको हुँदा किसान पेशालाई परम्परागत तरिकाबाट नगरी बढी उत्पादन र नाफामुखी कसरी गर्न सकिन्छ भन्दै यस महान कार्यको थालनी हामी हाम्रो र आफूबाटै गरौ भन्न चाहान्छु ।

# युवा सूचना केन्द्र र यसको महत्व

❑ विष्णुमाया पोखेल
युवा सूचना केन्द्र परिचालिका

नवलपरासी जिल्लामा अवस्थित गैंडाकोट गा.वि.स.को भौगोलिक हिसाबले सबैभन्दा विकट वडाको रूपमा परिचित वडा नं ३ (ढाडैनी, हर्दी, केलादी र तात्रिबास) अन्य वडाहरूका तुलनामा सामाजिक, आर्थिक रूपमा पछाडि छ । त्यसकारणले यहाँका युवाहरू जीविकोपार्जनको लागि भारत तथा अन्य खाडी मुलुकहरूमा जाने गर्थे । गाउँमा युवाहरूको खासै पहुँच नभइरहेको अवस्था थियो ।

यस्तो अवस्थामा युवाहरूलाई सक्रिय बनाई क्षमता अभिवृद्धि तथा स्वरोजगारमुखी उद्देश्यकासाथ २०६४ सालमा गैंडाकोट गा.वि.स.को वडा नं. ३ लाई कार्यक्षेत्र बनाई ग्रामीण युवा विकास कार्यक्रम सहमतिद्वारा सञ्चालित भइरहेको छ । यसले ग्रामीण भेगका युवाहरूका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गऱ्यो त्यसपछि केही हदसम्म युवाहरू विदेशिने क्रममा पनि न्यूनीकरण आउन थाल्यो र विस्तारै गाउँमा सक्रिय युवाहरूको पहुँच बढ्न थाल्यो । सोही क्रममा ग्रामीण क्षेत्रका सूचना प्रवाहमा समस्या देखिएकाले सूचना केन्द्रको आवश्यकता महसुस गरी २०६७ सालमा मेलमिलाप बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापनमा ९ सदस्यीय उपसमिति निर्माण गरी युवा सूचना केन्द्रको स्थापना भयो ।

यसको स्थापनापछि यहाँका युवाहरू विभिन्न सूचनाहरूबाट वञ्चित हुन परेको छैन । यहाँ दैनिक, साप्ताहिकका साथै मासिक रूपमा प्रकाशित विभिन्न पत्रपत्रिकाहरू उपलब्ध हुन्छन । विभिन्न पेशाहरूसँग सम्बन्धित जीवनोपयोगी, वौद्धिक एवं बाल पुस्तक गरी जम्मा १७८ वटा ज्ञानवर्द्धक पुस्तकहरू रहेको पुस्तकालय छ । यहाँका युवाहरूको बसाइसराई तथ्याङ्क संकलन युवा सूचना केन्द्र मार्फत हुने गर्दछ । हाल यहाँका केही युवाहरूले विभिन्न स्वरोजगारमुलक तालिम लिएर व्यवसायी भइसक्नु भएको छ । आत्मनिर्भर हुँदै गाउँमै केही गर्नुपर्छ भन्ने सोच आएको छ । त्यसकारण यूवा सूचना केन्द्रको प्रभावकारिता अझ व्यापक बनाउने र पुस्तकालयलाई विस्तार गर्ने उद्धेश्यले नवीकरण हुने गरी पुस्तकालय सदस्यता खोलेका छौं । यसको प्रभावकारिता पनि निकै बढेको छ । यसले गर्दा हाल विभिन्न पत्रपत्रिका एवं पुस्तक अध्ययनका लागि यस सूचना केन्द्रमा युवाहरूको पहुँच निकै बढेको छ । युवा मात्र नभएर बाल पुस्तक पनि उपलब्ध भएको हुँदा बालबालिकाहरूको पनि पढ्ने बानीमा निकै सुधार भएको छ । धुलोमा खेल्ने, वर्षायाममा खोलामा खेल्ने बानी परेका केटाकेटीहरू आजकाल फुर्सद पाउनासाथ सूचना केन्द्र आउने गर्छन् । यसले अत्यन्तै सकारात्मक प्रभाव पारेको छ । सूचना केन्द्र स्थापना अघि र पछि गाउँमा धेरै परिवर्तन आएको छ । युवाहरूको हकमा यसले अत्यन्तै महत्वपूर्ण भूमिका खेलेको छ ।



अन्तमा यसरी नै युवाहरूको पहुँचमा वृद्धि गर्न सकियो भने गैंडाकोटकै विकट रूपमा रहेको गैंडाकोट वडा नं. ३ सुविधा सम्पन्न र उदाहरणीय गाउँ बनाउन सकिन्छ । त्यसैले आफ्नो नेतृत्व विकासमा अग्रसर भई स्वरोजगार बनौं, ग्रामीण विकासमा सक्रिय भएर लागी परौं ।

## सूचना ! सूचना !! सूचना !!!

सहमति गैंडाकोट र AWO International Germany को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम अर्न्तगत डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट वार्ड नं ३ मा सन २००८ देखि विभिन्न कार्यक्रमहरु संचालन भईरहेका छन् । यसै सन्दर्भमा उपरोक्त गा.वि.स.हरुमा सुरक्षित वैदेशिक रोजगारका लागि अपनाउनुपर्ने प्रक्रिया, आईपर्ने समस्याहरु, चुनौतीहरु र त्यसका समाधानहरुको जानकारी गराउने हेतुले यस कार्यक्रमले वार्डस्तरमा सुरक्षित वैदेशीक रोजगार र वसाईसराई सम्वन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्न लागिएको हुदाँ ईच्छुक युवा क्लब, महिला समूह तथा विद्यालयहरुले युवा सूचना केन्द्सँग समन्वय गरि यथासिघ्र सहमति ग्रामीण युवा विकास कार्यक्रममा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

प्रेषक

सहमति
ग्रामीण युवा विकास कार्यक्रम
गैंडाकोट–५ नवलपरासी
फोन नं. : ०५६–५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक

टिकट